नेपाल सरकार

सूचना तथा सञ्चार मन्त्रालय,

हुलाक सेवा विभाग

र

नेपाल सरकार

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय,

राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र, टेकु, काठमाण्डौबीच सरकारी कागजात, स्वास्थ्य शिक्षा सामाग्री ढुवानी तथा वितरण सम्बन्धी **सम्झौता पत्र**

हुलाक सेवा विभाग (यसपछि प्रथम पक्ष भनिएको) र राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र, टेकु, काठमाडौं (यसपछि दोस्रो पक्ष भनिएको) बीच दोस्रो पक्षबाट उपलब्ध गराइएको सरकारी कागजात, स्वास्थ्य शिक्षा सामाग्री तोकिएको स्थानसम्म तपसिलको शर्तको अधिनमा रही हुलाक मार्फत ढुवानी र वितरण गर्नका लागि गरिएको दुईपक्षीय सहमतिको सम्झौता।

<u>सम्झौताका शर्तहरू</u>

१. प्रथम पक्षले दोस्रो पक्षलाई हुलाक सेवा मार्फत प्रचलित कानून बमोजिम सरकारी कागजात, स्वास्थ्य शिक्षा सामाग्रीको ढुवानी सेवा प्रदान गर्नेछ।

२. दोस्रो पक्षले कार्यालय परिसरबाट उपलब्ध गराइएको बढिमा २० के.जी सम्मको हुलाक वस्तुको प्याकेट प्रथम पक्षले सम्बन्धित जिल्ला सदरमुकाममा रहेको स्वास्थ्य कार्यालयसम्म ढुवानी गर्नेछ र दोश्रो पक्षले आवश्यक ठानेर अनुरोध गरेमा स्थानीय तहको स्वास्थ्य शाखासम्म ढुवानी गर्ने व्यवस्था समेत मिलाउने छ । यसरी ढुवानी गर्दा हुलाक रुटमा तोकिएको कार्यालय बाटोमा नै पर्ने भए दोस्रो पक्षको प्रापक कार्यालयलाई बुझाउनु पर्नेछ।

३. सरकारी कागजात, स्वास्थ्य शिक्षा सामाग्री फाय[illegible] लगायतको हकमा तोकिएको कार्यालयमा प्रथम पक्षले बुझाउनु पर्नेछ र सोको भरपाई दोस्रो पक्षलाई उपलब्ध गराउने व्यवस्था सम्बन्धित हुलाक निर्देशनालय र जिल्ला हुलाक कार्यालयबाट गर्नुपर्नेछ।

४. प्रथम पक्षले दोस्रो पक्षको हुलाक वस्तु दोस्रो पक्षको दर्ता शाखाबाट (सार्वजनिक बिदाको दिन बाहेक) दैनिक रुपमा वा दोश्रो पक्षले उपलब्ध गराउने तोकिएको दिनमा संकलन गर्नु पर्नेछ।

५. दोस्रो पक्षले हुलाक मार्फत तोकिएको स्थानमा पठाइएको हुलाक वस्तु बुझ्ने कर्मचारी, समय र स्थानको विवरण प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ।

महानिर्देशक                                                  निर्देशक

६. प्रथम पक्षले यस प्रक्रियामा हुलाक बस्तुलाई ट्र्याकिङ बारकोड सहित Postal Internal Tracking System (PITS) मा दर्ता गरी सम्बन्धित गन्तव्य ठेगानासम्म पुऱ्याउने व्यवस्था मिलाउनु पर्नेछ। साथै दोस्रो पक्षले ट्र्याक गर्न सक्ने गरी PITS Sharing को व्यवस्था प्रथम पक्षले मिलाउनु पर्नेछ।

७. दोस्रो पक्षबाट प्राप्त हुलाक वस्तु ढुवानी गरिने स्थान/जिल्लागत/कार्यालयगत हिसावले रजिष्ट्री/पुलिन्दा (Parcel)/इ.एम.एस. का रुपमा दोस्रो पक्षको अनुरोधमा प्रथम पक्षले दर्ता गर्नेछ।

८. प्रथम पक्षले रजिष्ट्री पुलिन्दा/इ.एम.एस.का रुपमा दर्ता गरेका हुलाक वस्तु सम्बन्धित गन्तव्यमा यथासम्भव छिटो पुऱ्याउनु पर्नेछ। काबु बाहिरको परिस्थितिमा हुलाक वस्तु तोकिएको गन्तव्यमा पुऱ्याउन नसकिएको अवस्थामा तत्कालै दोस्रो पक्षलाई जानकारी गराउनु पर्नेछ।

९. प्रथम पक्षले हुलाक वस्तु तोकिएको स्थानमा ढुवानी गरे वापत पार्सल/ई.एम.एस. ढुवानी सरहको प्रचलित नियमानुसारको हुलाक महसुल दोस्रो पक्षले गोश्वारा हुलाक कार्यालय, डिल्लीबजार, काठमाडौंलाई **मासिक/त्रैमासिक** रुपमा भुक्तानी गर्नेछ। प्रथम पक्षले नियमानुसारको हुलाक महशुलको विल समयमै दोश्रो पक्षलाई उपलव्ध गराउने दायित्व रहनेछ ।

१०. प्रथम पक्षले हुलाकवस्तु ढुवानी गर्न आवश्यकता अनुसार स्थल वा हवाई मार्ग प्रयोग गर्न सक्नेछ। हवाई मार्गको प्रयोग गरिएको अवस्थामा सोही बमोजिमको नियमानुसारको महसुल र शुल्क दोस्रो पक्षले प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ।

११. दोश्रो पक्षले ठूलो परिमाणमा हुलाकबस्तु सिधै गन्तव्यमा पठाउनुपरेमा कम्तिमा ७(सात) दिन अगावै जानकारी गराई आपसी समन्वयमा हुलाक बस्तुहरू ढुवानी गर्ने व्यवस्था प्रथम पक्षले मिलाउनेछ।

१२. पठाउनु पर्ने गन्तव्यका हुलाक बस्तुलाई प्रापक कार्यालयगत रुपमा अलग-अलग र सुरक्षित रुपमा प्याकिङ गर्ने दायित्त्व दोस्रो पक्षको हुनेछ।

१३. दुबै पक्षले हुलाकबस्तु ढुवानी गरी सोको भुक्तानी लगायतका विषयमा लेखापरीक्षणका शिलसिलामा कुनै सुझाव प्राप्त भएको अवस्थामा दुवै पक्षले सो व्यहोरा जानकारी गराई आपसी सहमतिमा उक्त सुझाव कार्यान्वयन गरिनेछ।

१४. सेवा प्रवाहमा कुनै समस्या भएमा दुवै पक्षको आपसी सहमतिमा यस सम्झौताका शर्तहरू संशोधन तथा परिमार्जन गर्न र कार्य प्रक्रियालाई सुधार गर्न सकिनेछ।

१५. यो सम्झौता बमोजिमको हुलाकबस्तु ढुवानीको समन्वय, संचालन तथा व्यवस्थापन प्रथम पक्ष अन्तर्गतको गोश्वारा हुलाक कार्यालय, डिल्लीबजार मार्फत हुनेछ।

१६. हुलाकबस्तु ढुवानी सेवामा गुनासो समाधान र अन्य व्यवस्था हुलाक सेवाको प्रचलित कानून बमोजिम हुनेछ।

१७. यो सम्झौता कार्यान्वयन गर्न र कुनै समस्या वा विवाद आएमा समाधानका लागि सहजीकरण तथा समन्वय गर्न दुवै पक्षले आ-आफ्नो तर्फबाट एक-एक जना कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी एक

महानिर्देशक



निर्देशक

आपसमा सोको लिखित जानकारी गराउनु पर्नेछ। कुनै पक्षबाट साविकको सम्पर्क व्यक्ति परिवर्तन भएमा सोको जानकारी यथाशीघ्र अर्को पक्षलाई दिनु पर्नेछ।

१८. दुवै पक्षबाट प्रचलित कानून बमोजिम भंग नभएसम्म यो सम्झौता कायम रहनेछ। कुनै पक्षले सम्झौता बमोजिमको कार्यलाई निरन्तरता दिन असमर्थ भएमा सोको सूचना कम्तिमा ३० (तीस) दिन अगावै लिखित रुपमा अर्को पक्षलाई दिनुपर्नेछ। प्रचलित कानून बमोजिम यो सम्झौता भंग गर्नुपर्ने भएमा दुवै पक्षले यस सम्झौतामा उल्लेखित सर्तहरू बमोजिम आ-आफ्नो पक्षको दायित्व सम्भव भएसम्म सोही आ.व. भित्रमा फरफारक गर्नुपर्नेछ।

१९. यो सम्झौतामा थपघट गर्नुपरेमा दुवै पक्षको सहमतिमा पुनःनवीकरण गर्न सकिनेछ।

२०. यस सम्झौतामा उल्लेख गरिएका विषय यसै बमोजिम र अन्य विषय प्रचलित कानून बमोजिम हुनेछन्।

**प्रथम पक्ष**

............................................

**मनमायाँ भट्टराई पंगेनी**
महानिर्देशक
हुलाक सेवा विभाग
बबरमहल, काठमाडौं।

**दोस्रो पक्ष**

............................................

**डा. राधिका थपलिया**
निर्देशक
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र
टेकु, काठमाडौं।

**साक्षी**

............................................

**ढाल बहादुर जि.सी.**
प्रमुख हुलाक अधिकृत
गोश्वारा हुलाक कार्यालय,
डिल्लीबजार, काठमाडौं।

**साक्षी**

............................................

**शिला श्रेष्ठ**
वरिष्ठ स्वास्थ्य शिक्षा प्रशासक
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र
टेकु, काठमाडौं।

ईति सम्वत् २०८३ साल जेठ १ गते रोज ६ शुभम् ..................... ।